# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

च.नं.: 2926

मितिः २०८०।०२।१७

विषय:- राजस्व निर्धारणका सम्बन्धमा राय सुझाव पेश गरीदिनु हुन ।

प्रस्तुत विषयमा स्थानीय तहहरुले प्रत्येक वर्षको असार १० गतेभित्रमा नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्ने व्यवस्था रहेकाले कोशी गाउँपालिकाले पनि आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट निर्माणको तयारी गरिरहेको छ। बजेट निर्माणका क्रममा गाउँपालिकाले वार्षिक रुपमा प्राप्त हुने सम्पूर्ण आयलाई एकिन गरी सोही आय रकम बराबरको योजना तथा कार्यक्रम तय गर्नुपर्ने भएकाले आयको एकिन गर्ने कार्य महत्वपूर्ण हुन्छ । यसै तथ्यका आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था रहेको छ। उक्त समितिले राजश्वका श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आ.व. मा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने कार्य गर्दछ। आगामी आ.व. को नीति तथा कार्यक्रम र बजेटलाई थप यथार्थपरक बनाई गाउँपालिकाको आन्तरिक आयको दायरालाई बढाउने तथा आगामी वर्षका लागि करका दरको सम्बन्धमा सकारात्मक सुझाव ७ दिन भित्र गाउँपालिकाको प्रशासन शाखा वा इमेल ठेगाना koshigaupalika@gmail.com मा राखिदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध छ ।

विनोद मिश्र
सदस्य-सचिव
राजस्व परामर्श समिति

अनितादेवी यादव
संयोजक
राजस्व परामर्श समिति

Scanned with MOBILE SCANNER